# स्थानीय राजपत्र

## सुन्दरहरैंचा नगरपालिका, विराटचोक, मोरङद्वारा प्रकाशित

**खण्ड : ९** **सङ्ख्या : ५** **मिति : २०८२ माघ ४**

**नगर कार्यपालिकाबाट पारित मिति : २०८२ पुस ३०**

**प्रमाणीकरण मिति : २०८२ माघ ४**


## भाग-२

# सुन्दरहरैँचा नगरपालिकाको बालकोष सञ्चालन कार्यविधि, २०८२

सुन्दरहरैँचा नगरपालिका क्षेत्रभित्रका आपतकालीन एवम् जोखिम अवस्थामा रहेका बालबालिकाहरूको तत्काल संरक्षण, उद्धार, राहत वितरण र पारिवारिक पुनःस्थापना गर्न तथा बालबालिकाको हकहितको संरक्षण र संवर्धन गर्नका लागि स्थानीय स्तरमा आर्थिक स्रोत सङ्कलन गरी बालकोष स्थापना गर्न वाञ्छनीय भएकाले सुन्दरहरैँचा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नगरपालिका स्तरीय बालकोषको स्थापना गर्न सकिने कानूनी व्यवस्था बमोजिम उक्त कोष सञ्चालन गर्न तयार गरिएको यो कार्यविधि सुन्दरहरैँचा नगरपालिका नगर कार्यपालिकाको मिति २०८२/०९/३० गतेको बैठकबाट पारित गरी सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

# सुन्दरहरैँचा नगरपालिकाको बालकोष सञ्चालन कार्यविधि, २०८२

**प्रस्तावना :**

सुन्दरहरैँचा नगरपालिका क्षेत्रभित्रका आपतकालीन एवम् जोखिम अवस्थामा रहेका बालबालिकाहरूको तत्काल संरक्षण, उद्धार, राहत वितरण र पारिवारिक पुनःस्थापना गर्न तथा बालबालिकाको हकहितको संरक्षण र संवर्धन गर्नका लागि स्थानीय स्तरमा आर्थिक स्रोत सङ्कलन गरी बालकोष स्थापना गर्न वाञ्छनीय भएकाले सुन्दरहरैँचा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नगरपालिका स्तरीय बालकोषको स्थापना गर्न सकिने कानूनी व्यवस्था बमोजिम उक्त कोष सञ्चालन गर्न तयार गरिएको यो कार्यविधि नगर कार्यपालिकाको मिति २०८२/०९/३० गतेको बैठकबाट स्वीकृत गरी लागू गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यो कार्यविधिको नाम "सुन्दरहरैँचा नगरपालिकाको बालकोष सञ्चालन कार्यविधि, २०८२" रहेको छ।

ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएपश्चात् लागू हुनेछ।

**२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

क) "कार्यालय" भन्नाले सुन्दरहरैँचा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ।

ख) "कार्यपालिका" भन्नाले सुन्दरहरैँचा नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्दछ।

ग) "कोष" भन्नाले यस कार्यविधिको बुदाँ नं. ३ मा उल्लेख भएबमोजिम स्थापना गरिएको नगरपालिका स्तरीय बालकोष सम्झनुपर्छ।

घ) "समिति" भन्नाले बालमैत्री स्थानीय शासन नगर समिति तथा नगर बाल संरक्षण समिति, सुन्दरहरैँचालाई सम्झनुपर्दछ।

ङ) "बालबालिका" भन्नाले बालबालिकासम्बन्धी ऐन, २०७५ बमोजिम १८ वर्ष उमेर नपुगेका बालबालिकालाई सम्झनुपर्दछ।

च) "आपतकालीन अवस्था एवं जोखिम अवस्थामा रहेका बालबालिका" भन्नाले कार्यविधिको बुँदा नं. ५ मा उल्लिखित बालबालिकालाई सम्झनुपर्दछ।

छ) "सञ्चालक समिति" भन्नाले कार्यविधिको बुदाँ नं. ७ मा उल्लेख भएबमोजिम गठन भएको समितिलाई सम्झनुपर्दछ।

**३. कोषको स्थापना :**

क) नगरपालिकाको लक्षित वर्गका लागि विनियोजित बजेटबाट जोखिम अवस्थामा रहेका वा आपतकालीन अवस्थामा रहेका नगरभित्रका बालबालिकाको संरक्षण गर्न सुन्दरहरैँचा नगरपालिकाले यस बालकोषको स्थापना गरेको छ।

ख) बालकोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ :

अ) नगरपालिकाले यस कोषमा जम्मा गर्न पठाएको रकम।

आ) विभिन्न सङ्घसंस्था वा व्यक्तिबाट सहयोगस्वरूप प्राप्त हुने रकम।

इ) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम।

ई) वैदेशिक सहायता तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाबाट प्राप्त रकम।

उ) कोषलाई अन्य कुनै विविध स्रोतबाट प्राप्त हुने रकम।

**४. कोषको रकम जम्मा गर्ने :**

बालबालिकाको हकहित संरक्षणका लागि नगरपालिकाले वार्षिक रूपमा निश्चित रकम बालकोषमा जम्मा गर्नेछ।

**५. बालकोषको रकम देहायको अवस्थामा रहेका बालबालिकाका लागि मात्र प्रयोग गरिनेछ :**

- जोखिमपूर्ण श्रममा संलग्न रहेका तथा हराएका वा बेवारिसे अवस्थामा फेला परेका बालबालिकाको तत्काल उद्धार, राहत र पुन:स्थापनाका लागि।
- विभिन्न कारणले बन्धकमा रहेका, जबरजस्ती श्रमबाट पीडित भएका बालबालिकाका लागि ।
- शारीरिक वा मानसिक यातना वा भेदभाव, दूर्व्यवहारबाट पीडित भएका बालबालिकाका लागि।
- दुर्घटना, प्राकृतिक वा दैवी प्रकोपमा परेका बालबालिकाका लागि।
- बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेका कारणले बेवारिसे भएका बालबालिकाका लागि।
- यौनशोषण, यौन दूर्व्यवहार, बेचबिखन वा ओसारपसारमा परेका बालबालिकाका लागि।
- हिंसाबाट प्रभावित भएका तथा बाबुआमा वा संरक्षकबाट वञ्चित भएका बालबालिकाका लागि।
- अपाङ्गता भएका तथा सुस्तमनस्थिति भएका बालबालिकाका लागि।
- अपहरण वा शरीर बन्धकमा परेका बालबालिकाका लागि।
- विद्यालय शिक्षा र विपन्न बालबालिकाको औषधी उपचारका लागि।
- सडक बालबालिकाका लागि।
- एच.आई.भी. एड्स संक्रमित भएका बालबालिकाका लागि।
- सञ्चालक समितिले तोकेबमोजिम तथा बाल संरक्षण समितिको सिफारिसमा बालबालिकाको उद्धार, संरक्षण लगायतको अन्य काममा प्रयोग गर्ने।

**६. कोषको रकम अन्य कार्यमा प्रयोग गर्न नसकिने :**

कोषको रकम बुँदा नं. ५ मा उल्लेख भएको क्षेत्रबाहेक अन्य कार्यमा उपयोग गर्न सकिने छैन।

**७. सञ्चालक समितिको गठन :**

बालकोष व्यवस्थापन, सञ्चालन एवं स्रोतको खोजी गर्न देहाय बमोजिमको ७ सदस्यीय सञ्चालक समिति रहने छ।

क) बालमैत्री स्थानीय शासन नगर समितिको अध्यक्ष- नगर प्रमुख - संयोजक
ख) नगर बाल संरक्षण समितिको संयोजक- नगर उपप्रमुख - सदस्य
ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
घ) नगर बाल संरक्षण समितिका सदस्यहरूमध्येबाट शिक्षक प्रतिनिधि १ जना - सदस्य
ङ) नगरपालिका स्तरीय बाल क्लब सञ्जालको अध्यक्ष - सदस्य
च) बालबालिकाको क्षेत्रमा काम गर्ने स्थानीय गैससको प्रतिनिधि १ जना - सदस्य
छ) लैससास उपशाखा प्रमुख - सदस्य सचिव

समितिको बैठकमा बालबालिका बसोबास गर्ने सम्बन्धित वडा अध्यक्षलाई आमन्त्रितको रूपमा बोलाउन सकिनेछ।

**८. समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिमको हुनेछ :**

क) आपतकालीन अवस्थामा रहेका बालबालिकाहरूको पहिचान गरी तिनीहरूको तत्काल उद्धार गर्ने, राहत वितरण गर्ने वा पारिवारिक पुन:मिलन गर्ने, गराउने।

ख) बालबालिका तथा किशोरकिशोरीहरूमाथि हुने विभिन्न प्रकारका हिंसा, शोषण, लागुपदार्थको दुर्व्यसनमा फसेका र प्राथमिकता दिई कोषको रकम खर्च गर्ने।

ग) बालमैत्री स्थानीय शासन नगर समितिले दिएको निर्देशन पालना गर्ने।

घ) जोखिम अवस्थामा रहेका बालबालिकासम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने वा गराउने।

ङ) बालमैत्री स्थानीय शासन नगर समितिको बैठकमा अर्धवार्षिक रूपमा कार्यप्रगति विवरण पेश गर्ने।

च) स्थानीय तहमा बालबालिकाको क्षेत्रमा काम गर्ने विभिन्न सङ्घसंस्था तथा निकायहरूसँग आवश्यक समन्वय गर्ने।

छ) कोषको वृद्धि गर्न उपयुक्त नीति तथा कार्यक्रम र रचनात्मक कार्यक्रमको तर्जुमा गर्ने।

ज) आपतकालीन अवस्थाका बालबालिकाको संरक्षणका लागि अन्य आवश्यक काम गर्नुका साथै बाल अधिकारको सुनिश्चितताका लागि स्थानीय स्तरमा विभिन्न जनचेतनामूलक तथा क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने।

झ) बालबालिकाको संरक्षणको सवालमा अन्य आवश्यकीय कार्य गर्ने।

**९. सञ्चालक समितिको बैठक र निर्णय :**

क) समितिको बैठक आवश्यकताअनुसार बस्नेछ।

ख) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

ग) बालकोष सञ्चालक समितिको बैठक समितिको संयोजकको अध्यक्षतामा बस्नेछ । संयोजकको अनुपस्थितिमा नगरपालिकाको उपप्रमुखको अध्यक्षतामा समितिको बैठक बस्नेछ।

घ) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि सो समिति आफैँले निर्धारण गरेबमोजिम हुनेछ।

ङ) समितिको निर्णय समितिको सदस्य सचिवले प्रमाणित गर्नेछ ।

च) जोखिममा रहेका बालबालिकाको आकस्मिक उद्धार तथा पुन:स्थापना गर्नुपर्ने अवस्था भएमा समितिको संयोजक र सदस्य सचिवको आपसी सहमतिले आवश्यक हुने रकम निकासा गरी खर्च गर्न सक्नेछन् । तर सो खर्च रकम समितिको बैठकबाट अनुमोदन गर्नुपर्नेछ ।

**१०. <u>कोषको खाता सञ्चालन :</u>**

क) समितिको निर्णयअनुसार नेपाल सरकारबाट इजाजत प्राप्त बैङ्कमा खाता खोली सञ्चालन गरिनेछ ।

ख) प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट समितिको खाता सञ्चालन गरिनेछ ।

ग) आपतकालीन खर्च गर्नुपर्ने अवस्थामा लैससास उपशाखा वा आर्थिक प्रशासन शाखामा पेटी क्यास मार्फत आवश्यक रकम खर्च गरिनेछ ।

**११. <u>राहत तथा अर्थिक सहयोग वितरणसम्बन्धी व्यवस्था :</u>**

आपतकालीन अवस्थाका बालबालिकाहरूको संरक्षणका लागि बालमैत्री स्थानीय शासन नगर समिति तथा नगर बाल संरक्षण समितिमा परेका निवेदनबमोजिम बालबालिकाहरूलाई आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा रकम नबढ्ने गरी उपलब्ध गराइने छ ।

क) अभिभावकविहीन तथा विपन्न बालबालिकाहरूलाई वडा कार्यालयको सिफारिसमा शिक्षा तथा स्वास्थ्य उपचारको लागि बढीमा रु. ५,०००/- अक्षरेपी पाँच हजार रुपैयाँसम्म उपलब्ध गराउन सक्ने ।

ख) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि रु. ५,०००/- अक्षरेपी पाँच हजार रुपैयाँसम्म उपलब्ध गराउन सक्ने ।

ग) पारिवारिक पुन:मिलन तथा पुन:स्थापनाका लागि आवश्यक बिल भरपाईका आधारमा बढीमा रु. ५,०००/- अक्षरेपी पाँच हजार रुपैयाँसम्म उपलब्ध गराउने ।

**१२. <u>राहत तथा आर्थिक सहयोगका लागि निवेदन दिन सक्ने :</u>**

यस कार्यविधिको बुँदा नं. ५ मा उल्लेख गरिएका बालबालिकाहरूको संरक्षण, उद्धार तथा राहतको लागि आफ्नो परिचय खुल्ने गरी नगरपालिकास्थित कुनै पनि सरोकारवाला वा व्यक्तिले बालमैत्री स्थानीय शासन नगर समितिको कार्यालय वा नगर बाल संरक्षण समितिको सचिवालयमा बालबालिकाको विस्तृत विवरण खुल्ने गरी निवेदन दिन सक्नेछ ।

**१३. <u>थप रकम माग गर्न सक्ने :</u>**

क) राहत तथा सहयोग वितरणका साथै विभिन्न सचेतनामूलक कार्य सञ्चालनका लागि कोषमा थप रकमको आवश्यकता परेमा अपर्याप्तताको कारण खुलाई कोष सञ्चालक समितिको बैठक बसी नगर कार्यपालिकामा थप रकम माग गर्न सकिनेछ ।

ख) बुँदा (क) बमोजिम कोष सञ्चालनका लागि थप रकमको माग भई आएमा नगर कार्यपालिकाले आवश्यकता र औचित्य हेरी रकम दिन सक्नेछ ।

**१४. कोषको लेखापरीक्षण :**

१) कोषको आयव्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ।

२) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

**१५. रकम फ्रिज नहुने :**

प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन।

**१६. प्रतिवेदन पेश गर्ने :**

समितिले आफूले गरेको कार्यको वार्षिक प्रतिवेदन नगरपालिकाको वार्षिक समीक्षा कार्यक्रममा प्रस्तुत गर्नुपर्नेछ।

**१७. सञ्चालक समितिले गर्न नहुने कामहरू :**

सञ्चालक समितिले देहायका काम गर्न, गराउन हुँदैन :

१) कोषको रकम हिनामिना वा समितिका कुनै सदस्य वा अन्य कुनै व्यक्तिलाई लगानी गर्न।

२) आपतकालीन अवस्थाका बालबालिकाको हकहित संरक्षण गर्ने कार्यबाहेक अन्य कार्यमा कोषको रकम खर्च गर्न।

**१८. निर्देशन दिन सक्ने :**

कार्यपालिकाले कोष सञ्चालक समितिको काम कारबाहीको सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ।

**१९. कार्यविधिको व्याख्या गर्ने र बाधा अड्काउ फुकाउने व्यवस्था :**

यस कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा, अड्चन वा दुविधा उत्पन्न भएमा सो को व्याख्या र बाधा अड्काउ फुकाउने अधिकार नगर कार्यपालिकामा निहित रहनेछ।

**२०. संशोधनसम्बन्धी व्यवस्था :**

कोष सञ्चालनसम्बन्धी कार्यविधिमा समयानुकूल कुनै संशोधन आवश्यक परेमा संशोधनको सम्पूर्ण अधिकार नगर कार्यपालिकामा निहित रहनेछ।

**२१. खारेजी र बचाउ :**

यो कार्यविधि बालबालिकासम्बन्धी प्रचलित नेपाल सरकारको कानूनसँग बाझिन गएमा बाझिएको हदसम्म यो कार्यविधिमा लेखिएका कुराहरू अमान्य हुनेछन् र कार्यविधिमा उल्लेख नभएका प्रक्रियाहरू अवलम्बन गर्दा बालबालिकासम्बन्धी प्रचलित नेपाल सरकारको कानूनमा भएको बालअधिकार संरक्षण र संवर्धन प्रक्रियाहरू अवलम्बन गर्न कुनै बाधा पर्ने छैन।

**आज्ञाले,**
**गणेश राज कार्की**
**प्रमुख प्रशासकीय अधिकृत**